# परवानीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# लिपनीमाल, बार

# आ.ब. २०८०।०८१ को लागी प्रस्तुत
# निति तथा कार्यक्रम

## सभाबाट स्विकृत मिति – २०८०/०३/१३



CamScanner

## परवानीपुर गाउँपालिको आ.ब. २०८०।०८१ का बार्षिक निति तथा कार्यक्रम
## मिति २०८०।०३।०८ गते शुक्रबार

आदरणीय सभा अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा परवानीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा परवानीपुर गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण बुद्धिजिवि, समाजको अगुवा, नागरिक समाज, समाजसेवी, राजनितिकर्ता, शिक्षक वर्ग, प्रतिनिधी, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत कर्मचारी तथा सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फवाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध परवानीपुर गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त परवानीपुर गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द परवानीपुर गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

परवानीपुर गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर परवानीपुर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण, शिक्षा स्वास्थय र कृषीलाई आधुनिकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

### आदरणीय महानुभावहरु

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुन: युक्रेन युद्ध र सोवाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसवाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।



CamScanner

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिने लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य बसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो परवानीपुर गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन परवानीपुर गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरू:

हाम्रा लागि देहाय वमोजिमका अवसरहरू रहेकाछनः

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४। परवानीपुर गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६। सडक निर्माणमा भएको लगानी संगै परवानीपुर गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

७। घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१। रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

४। युवा जनशक्तिलाइ कृषि व्यवसाय प्रति आकर्षित गर्नु ।

५। व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

७। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

१०। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

११। सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।

१२. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

१३. विभिन्न कालखन्डमा परवानीपुर गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, परवानीपुर गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, परवानीपुर गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा परवानीपुर गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर



CamScanner

सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा परवानीपुर गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रवन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

परवानीपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी वनाइनेछ । यसवाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च वढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।
यस परवानीपुर गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**
परवानीपुर गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ।परवानीपुर गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ ।

**सिंचाइः**
परवानीपुर गाउँपालिकाका विभिन्न वडामा बोरिङ्ग जडान कुलो नहर तथा पैनि सरसफाइ गराइएकोले सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ ।जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह, ,) का क्षेत्रमा भएका उपलब्धी**
कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ । विधालयमा डिजिटल प्रविधिबाट अध्यन्न सुरु गरिएको तथा बालविकास कक्षा बालमैत्री बनाइएको छ ।
विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्डहल निर्माण भएका छन ।



CamScanner

आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,,) का क्षेत्रमा भएका उपलब्धी

परवानीपुर गाउँपालिकामा कृषि सडक कजवे निर्माण भएको छ । तरकारी संकलन केन्द्र, बुनियादमा बन्दै छ । कृषि सहकारीसंस्थालाइ व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ ।परवानीपुर गाउँपालिका भित्र रहेका धार्मिक तथा सांस्कृतिक स्थलहरुको संरक्षण र प्रवर्द्धन गर्ने कामलाइ व्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ । रोजगारी सृजना गर्न परवानीपुर गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ । यसबाट रोजगारी सृजना भएको छ ।

सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी

परवानीपुर गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । मध्यकालिन खर्च संरचना कार्वयन्त्र मा लयाइएको छ ।
राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएको छ ।

आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाध्यक्ष महोदय,
अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सबै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइने छ । हप्तामा कमतिमा १ दिने आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित प्रयोगातमक कक्षा संचालन गराउने व्यवस्था मिलाइनेछ ।

२. सामुदायिक विद्यालयहरुमा रहेका विद्यालय ब्यबस्थापन समितिको लागि थप नीति निर्माणको लागि नयाँ नीति निर्माण ।

३. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

४. परवानीपुर गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक

पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

५. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

६. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

७. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

८. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ। साथै अंग्रेजी शिक्षाको लागी प्रत्येक विद्यालयमा अंग्रेजी भाषाको छुटै कक्षा संचालनकोलागी बजेट व्यवस्थापन गरि संचालन गरिनेछ ।

९. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

१०. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

११. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

१२. "उत्कृष्ट शैक्षिक गन्तव्य परवानीपुर गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१३. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१४. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१५. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

१६. परवानीपुर गाउँपालिका क्षेत्र भित्रका गुरुकुल, मदर्शा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।

१७. सामुदायिक विद्यालयहरुको बार्षिक परीक्षाको नतिजा विशलेषण तथा शिक्षक र बिद्यार्थीहरुलाई प्रोत्साह गर्ने व्यस्था गरिनेछ ।

१८. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत



CamScanner

विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. परवानीपुर गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. परवानीपुर गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. परवानीपुर गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि परवानीपुर गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

६. युवा वेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७. “एक वडा, एक व्यायामशाला” को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

८. विपन्न, गरिव र दलित परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

९. परवानीपुर गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।



CamScanner

घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।
५. अपाङ्गता पुनर्स्थापनाको लागि पुनर्स्थापन गृह स्थापना तथा ज्येष्ठ नागरिकको लागी मिलन केन्द्र स्थापना गरिनेछ।
६. ज्येष्ठ नागरिक परिचयपत्र तथा सामाजिक सुरक्षा भत्ता वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।
८. "हिंसा मुक्त परवानीपुर गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
९. परवानीपुर गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
११. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
१२. परवानीपुर गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१३. हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
१४. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
१५. परवानीपुर गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ परवानीपुर गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्ने अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।



CS CamScanner

२. सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको व्यवस्था गरी सर्वव्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासी लाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।
३. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।
४. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
५. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।
६. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।
७. आर्थिक रुपमा अति विपन्न परवानीपुर गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
८. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
९. परवानीपुर गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।
१०. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
११. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
१२. स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।
१३. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।
१४. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालन निरनतरता लागि विशेष व्यवस्था गरिनेछ।
१५. महिलाहरुमा पाठेघरको समस्या पता लगाई सोको समाधानका लागी विशेषज्ञ डा. सहितको निःशुल्क पाठेघर शिविर संचालन गरीनेछ ।
१६. परिवार नियोजन सेवाको पहुँच बढाउन ग्रामिण भेगमा निः शुल्क महिला तथा पुरुष वन्धयाकरण शिविर संचालन गरीनेछ ।
१७. स्वास्थ्य संस्थाको सेवा गुणस्तरीय र सेवा प्रवाहमा सहजरुपमा प्रदान गर्न स्वास्थ्य चौकीहरुको मर्मत तथा संभार गरीनेछ ।
१८. खोप तथा गाउँघर क्लिनिकहरुलाई संचालन तथा व्यवस्थापन गर्न प्रत्येक वडामा कम्तीमा १-१ स्थानमा गरि ५ वटा सामुदायिक भवनको निर्माण कार्य प्रारम्भ गरिनेछ ।
१९. खोप तथा गाउँघर क्लिनिकहरुलाई व्यवस्थित गर्न चाहिने अत्यावश्यक औषधि, सर्जिकल सामग्री लगायत फर्निचरहरु व्यवथा गरीने छ ।

२०. गाउँबासीहरुलाई सर्वशुल्भ सुपथमुल्यमा औषधी उपलब्ध गराउन गाउँ फार्मेसीको स्थापना तथा संचालन गरीनेछ ।

२१. गर्भवती जाँच बढाउन तथा प्रोत्साहन गर्न विशेषज्ञ सहितको गर्भवती जांच सेवाको व्यवस्था गरीनेछ ।

२२. स्वास्थ्यकर्मीहरुलाई नसर्ने रोग, दिर्घरोग को उपचार तथा रोकथाम, दाँत तथा मुख सम्बन्धि तालिमको व्यवस्थापन गरीनेछ ।

२३. घरघरमा स्वास्थ्यकर्मी गई सुत्केरी जाँचकार्य लाई व्यवस्थापन गरीने छ ।

२४. प्रत्येक वडामा दुई जना सामुदायिक स्वास्थ्यकार्यकर्ता (हे.अ. र स्टाफ नर्स) भर्ना गरि जेष्ठ नागरीक तथा अशक्त व्यक्तिहरुलाई स्वास्थ्य सेवाको अनुभुती तथा उपभोग गराउन घरघरमा स्वास्थ्यकर्मीबाट स्वास्थ्य जाँचको व्यवस्था गरीने छ ।

२५. बर्थिंग सेन्टर संचालनको लागि SBA तालिम र ग्रामिण अल्ट्रा साउण्डको तालिमको व्यवस्थापन गरिनेछ ।

२६. परवानीपुर गापा मा क्षयरोग मुक्त अभियान संचालन गरिनेछ ।.

२७. कोरोना भाइरस रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश र सङ्घीय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको व्यवस्थापन गरिने छ र कोभिड १९ खोप कार्यलाई विषेश प्राथमिकतामा राखी कार्य गरीने छ ।

२८. स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको व्यवस्था गरिने छ ।

२९. महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन स्वरुप मासिक यातायातमा वृद्धि गरिनुको साथै सहयोग सामाग्रीको व्यवस्था गरिने छ ।

३०. दुई वर्ष मुनिका वालवालिकामा कुपोषण हुनबाट जोगाउन र वृद्धि अनुगमन बढाउँन थप आहार वितरण कार्यक्रम कार्यलाई प्रारम्भ गरिने छ ।

३१. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यलाई निरन्तरता दिईनेछ ।साथै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यलाई थप व्यवस्थित गर्न सामाजिक सुरक्षा वितरण कार्यक्रम (पोषण भता) संग आवध गरिनेछ ।

३२. उच्च रक्तचाप, मधुमेह, नसर्ने रोगको निशुल्क औषधि वितरण गरीनेछ ।

३३. स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति व्यवस्थापनलाई थप व्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु बाटै विधुतीय माध्यमवाट अभिलेख राखि प्रतिवेदन प्रविष्ट गर्ने व्यवस्था मिलाइनुका साथै तथ्यांकको गुणस्तर सुधारको लागि नियमित तथ्यांक गुणस्तर लेजाजोखा (Routing Data Quality Assessment- RDQA), न्यनतम सेवा मापदण्ड लेजाजोखा (Minimum Service Standard, MSS- Assessment) र समिक्षा कार्यलाई व्यवस्थित बनाइने छ ।

३४. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार,



CS CamScanner

औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ । स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्नको लागी आवश्यक तालिम दिईनेछ तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरीनेछ ।

३५. महिला स्वास्थ्य सुधार गर्नको लागी पहुच भन्दा टाढाको बस्तिमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरीनेछ ।

३६. गाउँपालिका बासिहरुको स्वास्थ्य प्रर्वधन गर्न पंचकर्ममा जोड दिनुको साथै योग तथा ध्यान सिबिर संचालन गरिनेछ ।

३७. स्थानिय स्वास्थ्य सस्थाहरुलाई ब्यवस्थित गर्न तथा शुशासन कायम गर्न स्थानिय स्वास्थ्य सस्था सचालन तथा ब्यवस्थापन समितिलाई क्षमता अभिबृधि गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा परवानीपुर गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि परवानीपुर गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न परवानीपुर गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गर्नेछ ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिने छन ।

२.४ गरिबी निवारणका लागि लघु उधम विकास कार्यकम निर्देशिका २०७७ बमोजिम उधमीको स्तरोन्नती आवश्यकता पहिचानका आधारमा पूनताजगी र एडभान्स सीप तालिममा जोड दिइनेछ ।उधमीहरुले उत्पादन गरेका उत्पादकत्व वा व्यवसायको बजारीकरणमा सहयोग पुर्याउने कार्यकमा जोड दिइनेछ ।पुरानो उधमीहरु व्यवसाय गर्ने उधमीहरुलाई उपयुक्त प्रविधिमा हस्तान्तरण गरिनेछ ।CTEVT बाट तालिम दिइ SKILL TEST गरी प्रमाण पत्र दिइने कार्यकम संचालन गरिनेछ ।नवप्रवर्धन कार्यक्रमकोलागि छुटै शाखा स्थापना गरि लगु उधमिलाइ एडभान्स तालिम दिइ सफल उधमी बनाउनको लागी बजेट विनियोजन गरिनेछ ।



CamScanner

क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा व्यावसायिक विकासका लागि परवानीपुर गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग विकासको नीति लिइनेछ।

५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

६. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

७. विभिन्न जातजातिको जात जाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

८. अन्तर परवानीपुर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परवानीपुर गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. परवानीपुर गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको परवानीपुर गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ। बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा परवानीपुर गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।

६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

७. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।



CS CamScanner

८. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी बनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि कृषि बजार प्रणाली सफ्टवयर निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

९. तरकारी उत्पादनको लागि व्यावसायिक, करेसाबारी खेतिको लागि तालिम, प्रविधि र लगानीको व्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

१०. गाउँपालिका भित्रमा किटनाशक विषादीको अन्त गरी जैविक विषादीमा बढी भन्दा बढी जोड दिइनेछ।

११. गाउँपालिका भित्रमा जैविक विषादी सम्वन्धी जनचेतना कार्यक्रम संचालनमा ल्याउनेछ।

१२. गाउँपालिका भित्रका किसानहरुको लागि सिंचाइको व्यवस्था मिलाइनेछ।

१३. सिचाइको लागी कृषि मिटरको खस युनिटको रकम पालिकाले व्योहर्नको लागि बजेटको व्यवस्था गरिने छ ।संचालनमा नरहेका तथा विग्रेको अवस्थामा रहेका पालिका भरिका सबै बोरिङ्गलाइ संचालन गर्नको लागि संचालन समिति गठन तथा बजेटको व्यस्था गरिनेछ ।

ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिवी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

३. सूचना तथा संचार सम्वन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच वढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. स्थानीय टिभि च्यानेल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।



CamScanner

६. सरकारको निति तथा कार्यक्रम अन्तर्गत सरकारी निकायबाट हुने सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन कार्यालयको दर्ताचलानी शाखा तथा योजना शाखामा आउने सबै प्रकारको चिठी/, पत्र, कागजात आदिलाई आ/बाट दर्ता ८१/२०८० ,च.चलानी गर्न सफ्टवेयर प्रयोगमा ल्याईने छ ।

७. कार्यालयको कामकाज कम्प्युटरबाट हुने गरेको र त्यसमा पनि Microsoft word, Excel र Powerpoint को प्रयोग अत्याधिक मात्रामा हुने भएकोले कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि Basic word, Excel, Powerpoint जस्तै IT सम्बन्धि तालिम प्रदान गरिनेछ ।

८. कार्यालय समयमा कार्यालय भित्र TikTok फेसबुक तथा अन्य सामाजिक संजाल कार्यालय समय अवधि भर Band गरिनेछ ।यसको लागि आवश्य परामर्श तथा व्यवस्थापन गर्ने निति लिएको छु।

९. राजश्व दाखिलालाई प्रविधि मैत्री बनाउन अहिले सम्म सेवाग्राहीहरु कार्यालयमै आएर दाखिला गर्नु पर्ने बाध्यतालाई अन्त्य गर्न सेवाग्राहीहरुले घर बसी बसी राजश्व दाखिला गर्न सक्ने प्रविधिको विकास गरिनेछ । यसको लागि Customer Login Portal तथा QR Code निर्माण गर्न राजश्व, लेखा, सूचना प्रविधि शाखा तथा राजश्व सफ्टवेयर निर्माता Company संग सहकार्य गरिनेछ ।

४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ ।

५. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।



CamScanner

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

९. गाउँपालिकाको काम कारवाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१०. पालिका तथा वडा वाट प्रवाह हुने दैनिक सेवालाई जनताको आवश्यकता तथा सुविधालाई मध्यनजर गर्दै हप्ताको कमतिमा २ दिन विहान ७ बजे देखि १० र विहान १० देखि कार्यालय समाय सम्म गरि २ सिफटमा कार्यालय संचालन गरिनेछ ।

११. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा थप सेवा प्रवाह बास खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

१२. परवानीपुर गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१३. प्रहरी र वारुण यन्त्रका कर्मचारीहरुको सेवाको वैज्ञानिक ढंगले संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी दरवन्दी संरचना निर्धारण गरी स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।

१४. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

१५. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।



CamScanner

१६. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१७. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१८. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१९. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

२०. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्वन्धी नीति तथा कार्यक्रम

क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. संघ सरकार तथा प्रदेश सरकारसंग सम्न्वय गरि खाने पानिको दिर्घकालिन उपायको खोजि गरिनेछ ।तथा गाउँपालिका भित्र रहेका पानि टंयाकिको संचालन समिति गठन गराइ संचालनको लागि सम्बन्धित कार्यालयमा सम्नवय गरि संचालनको लागी बजेट विनियोजन गरिनेछ ।

३. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार, पोखरी, डबरि र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

४. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि वढाइनेछ।

५. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

६. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

७. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

८. शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।



CamScanner

९. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१०. घर-घरमा पालिएका घरपालुवा जनावरको दिशा पिसाबजन्य फोहोर सम्बन्धित धनिले घर भित्रै व्यवस्तापन गर्नु पर्ने छ। सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कार्वाही गर्ने नीति लिइनेछ।

११. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१२. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ। चौक चौक तथा बजार क्षेत्रमा पालिकाबाट डस्विनको व्यवस्थापन गरि फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

१३. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम
न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।
९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
१०. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
११. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
१२. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
४. गाउँ भन्दा वाहिरको सडक निर्माण गर्दा सोहि बजेटको कन्टेनजेन्सि वास आउने रकमवाट सडकको दुवै साइडमा वृक्षा रोपण गरिने निति अवलम्बन गरिनेछ ।
५. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
६. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
७. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
८. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।



CamScanner

९. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको पालिका भवन, तालिम हल, बाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुनर्निर्माण गरी सभा समारोहहरु तालिम हलमा संचालन गर्न प्राथमिकता दिइनेछ।

१०. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

११. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

१२. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्वन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१४. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१५. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१६. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१७. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१८. "एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१९. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

२०. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्वन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

२१. प्रभावकारी सम्पति व्यवस्थापनका लागि सम्पति व्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

२२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।



CamScanner

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी  ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

१०. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

११. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

---

## अनुसूचीः आगामी आ.व.का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरू

### आर्थिक विकास

१. स्थानीय आर्थिक विकास योजना तयार गर्ने ।

२. ब्यावसायिक कृषि पकेट क्षेत्र निर्धारण । (धान क्षेत्र, मकै उत्पादन क्षेत्र, उत्पादन क्षेत्र, तरकारी उत्पादन क्षेत्र)

३. केरा पकेट क्षेत्र,

४. लिची पकेट क्षेत्र
५. उन्नत पशुपालन पकेटक्षेत्र ।
६. व्यावसायिक पशुपालन (गाई, भैंसी, बाख्रा, बंगुर, कुखुरा)।
७. व्यावसायिक तरकारी खेती (मौसमी, बेमौसमी)।
८. व्यावसायिक कुखुरा पालन।
९. व्यावसायिक ट्राउट र अन्य जातको माछापालन।
१०. कृषि उत्पादन संकलन केन्द्रहरूको निर्माण कृषि उत्पादनको बजारीकरण ।
११. स्थानीय अवस्था अनुसार भूउपयोग योजनाबाट कृषि पकेट क्षेत्र निर्धारण ।
१२. ऐतिहासिक, धार्मिक, भौगोलिक महत्वका स्थानहरूमा पूर्वाधार निर्माण ।
१३. स्थानीय उत्पादन बिक्री केन्द्र र कोशेली घरको स्थापना।
१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्रचार प्रसार ।
१५. औद्योगिक ग्राम स्थापना ।
१६. तुलनानात्मक लाभका क्षेत्र तथा प्रतिस्पर्धात्मक क्षमता भएका वस्तु उत्पादन ।
१७. कृषि पकेट क्षेत्रमा स्थानीय कृषि उपज प्रशोधन सम्वन्धी उद्योग स्थापना ।
१८. स्थानीय उत्पादनको व्राण्डिङ्ग तथा उत्पादनको बजारीकरण।
१९. सहकारी ऐन अनुसार सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन, सञ्चालन।
२०. व्यावसायिक कृषि तथा पशुपालनमा सहकारीको लगानी।
२१. डेरी उद्योगमा सहकारीको लगानी ।
२२. माछापालनमा सहकारी ।
२३. व्यावसायिक कुखुरापालनमा सहकारीको लगानी ।
२४. मुख्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गरी बजारीकरण।
२५. सहकारी संस्थाहरूको क्षमता विकास ।
२६. श्रम र श्रमको माग सम्वन्धी अभिलेखन ।
२७. रोजगार सूचना केन्द्र स्थापना ।
२८. वित्तीय साक्षरता कार्यक्रम संचालन ।
२९. आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन ।
३०. व्यावसायिक सीप विकास तालिम सञ्चालन ।
३१. वैदेशिक रोजगारमा गएका व्यक्ति/परिवारका लागि मनोसामाजिक परामर्श सेवा ।

सामाजिक विकास

१. शैक्षिक नीतिस्थानीय पाठ्यक्रम , तथा योजना तर्जुमा ।
२. विद्यालय पूर्वाधार सुधार तथा शैक्षिक सामग्री ।
३. गरिव तथा जेहेन्दार तथा संरक्षक नभएका विद्यार्थीहरूलाई छात्रवृत्ति ।
४. भर्ना अभियान घरदैलो कार्यक्रम ।
५. शिक्षक, विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया।



CamScanner

६. गाउँपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।
७. सूचना प्रविधि तथा कम्प्युटर ल्याव ।
८. वाल क्लव गठन तथा संचालन ।
९। शिक्षक तालिम (पुनर्ताजगी)
१०। शैक्षिक नीति तथा योजना तर्जुमा ।
११। गाउँपालिका तथा अन्तर विद्यालयस्तरीय खेलकुद ।
१२। शैक्षिक नीति तथा योजना तर्जुमा ।
१३। प्राविधिक शिक्षालयको स्थापना ।
१४। कम्तिमा १५ बेडको अस्पताल स्थापना ।
१५। स्वास्थ्य संस्थाको पूर्वाधार विकास ।
१६। चिकित्सकको पद पूर्ति ।
१७। एम्बुलेन्स सेवा विस्तार ।
१८। स्वास्थ्य बिमाको पहुँच विस्तार ।
१९। विज्ञहरूद्वारा स्वास्थ्य शिविर संचालन ।
२०। स्वास्थ्य संस्थाको पूर्वाधार विकास
२१। गुरुयोजना तयार गर्ने ।
२२। प्रयोगशाला स्थापना, व्यवस्थापन तथा संचालन ।
२३। खानेपानी तथा सरसफाइ वितरण व्यवस्था ।
२४। खानेपानी संरचनाहरूको निर्माण तथा मर्मत ।
२५। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदाय सम्बन्धि खण्डीकृत तथ्याङ्क ।
२६। महिला सशक्तिकरण कार्यक्रम, नेतृत्व विकास तालिम, अभिमूखिकरण ।
२७। आयआर्जन तथा रोजगारी मुलक कार्यक्रम तथा सम्बन्धित तालिम
२८। लैंङ्गिक विभेद, हिंसा तथा शोषण, बालबिबाह रोकथामकालागी अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रम ।
२९। महिला पुरुषको संयुक्त नाममा घर जग्गा पास गर्दा दिने छुटमा समायोजनको नियम बनाई लागू ।
३०। ज्येष्ठ नागरिक सम्बन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।
३१। अपाङ्गमैत्रि, बालबालिकामैत्रि, महिलामैत्रि भौतिक संरचना निर्माण ।
३२। लैंङ्गिक विभेद, हिँसा तथा शोषण विरुद्ध विद्यमान व्यवस्थाको अभिमुखीकरण ।
३३। बालविबाह रोक्न विशेष कार्यक्रम।
३४। ज्येष्ठ नागरिक सम्वन्धी नीति, समायोजन, निर्माण तथा संशोधन ।
३५। अपाङ्गता भएकालाई आवश्यक सहयोगि सामाग्री, कृतिम अङ्ग प्रदान ।
३६। सामाजिक सुरक्षा, सामाजिक संरक्षण ।

३७. लक्षित वर्ग विशेष कार्यक्रम ।

३८. युवा रोजगारी कार्यक्रम।

३९. विदेश पलायनवाट युवावर्गलाई रोक्न स्वदेशमानै विकासका कृयाकलाप ।

४०. गाउँपालिकास्तरीय कभर्डहल, खेलकुदस्थल व्यवस्थित गर्ने ।

४१. युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद ।

४२. खेलकुद प्रतियोगिता ।

४३. उत्कृष्ट खेलाडी सम्मान ।

४४. युवाको क्षमता विकास।

४५. प्रशिक्षक प्रशिक्षण।

४६. युवा, महिला तथा अपाङ्गता भएका व्यक्ति लक्षित खेलकुद क्षमता विकास।

४७. खेलकुद पूर्वाधारको विकास ।

**भौतिक पूर्वाधार विकास**

१. यातायात गुरु योजना अध्यावधिक गरी कार्यान्वयन ।

२. सडक मापदण्ड तथा नीति नियम निर्माण ।

३. स-साना पुलहरू तथा कल्भर्टहरू निर्माण ।

४. सडक, गोरेटो बाटो, पदमार्गहरूको मर्मत तथा स्तर उन्नति ।

५. सर्भेक्षंण कार्यहरू गर्ने, डिपिआर तयार गर्ने र निर्माण ।

६. आवश्यकता अनुसार बैकल्पिक पदमार्ग निर्माण ।

७. उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।

८. सरोकारवाला बिच समन्वय ।

९. सडकपुलहरूको अध्ययन तथा निर्माण ।

१०. स्थानीय डकर्मी र सिकर्मी तालिम ।

११. सार्वजनिक जग्गा र भवनहरूको लगत संकलन र अभिलेख व्यवस्थापन ।

१२. ढल निकासको व्यवस्था ।

१३. सामुदायिक भवन ।

१४. अपाङ्ग मैत्री संरचना निर्माण ।

१५. सार्वजनिक भवनहरूको लगत राखी अभिलेखीकरण ।

१६. सामुदायिक भवन निर्माण ।

१७. आइसोलेसन सेन्टर निर्माण ।

१८. पुनर्निर्माण ।

१९. स्थानीय प्राविधिकलाई प्रविधि सम्बन्धी तालिम ।

२०. योजनाको अध्ययन ।

२१. सतह सिँचाइ निर्माण ।

२२. नयाँ प्रविधिमा आधारित (लिफ्ट सिँचाइ) सिँचाइ ।



CamScanner

२३.गाउँपालिकाको जल उपयोग गुरुयोजना ।
२४.क्षमता विकास ।
२५.बायोइन्जिनियरिङ ।
२६.लिफ्ट सिँचाइ प्रणालीको विकास ।
२७.जल उपयोग बहुउद्देश्यीय योजना तयार ।
२८.नदी नियन्त्रण ।
२९.लगानी प्रवर्धन ।
३०.वैकल्पिक ऊर्जा ।
३१.गोबरग्यासमा अनुदान ।
३२.निजी क्षेत्रसँगको सहकार्य ।
३३.एफ एम रेडियो प्रसारणमा सहयोग र सहजीकरण ।
३४.स्थानीय पत्रिका प्रकाशनमा सहयोग ।
३५.इ-लाइब्रेरी स्थापना ।

वन, वातावरण तथा जलवायु परिवर्तन

१। अन्तर निकाय, अन्तर तह समन्वय र सहकार्य,
२। भू तथा जलाधार संरक्षण,
३। फोहरमैला व्यवस्थापन,
४। क्षमता विकास ।
५। नर्सरी स्थापना ।
६। वृक्षरोपण क्षेत्रको पहिचान ।
७। निजी वनलाई प्रोत्साहन गर्न वन दर्ता गरेमा वार्षिक तिर्नुपर्ने राजस्व छुटको व्यवस्थापन ।
८। पानी भरण पोखरीहरूको निर्माण ।
९। उपभोक्ता तथा सरोकार निकायसँग समन्वय ।
१०। जलवायु परिवर्तन अनुकुलन योजना निर्माण ।
११। सुरक्षित, एकीकृत, बस्ती/आवास क्षेत्र पहिचान ।

सुशासन तथा संस्थागत विकास

१। कानून निर्माण/पुनरावलोकन ।
२। सस्थागत स्व-मूल्यांकन ।
३। घुम्ती सेवा ।
४। सदाचार प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण।
५। पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि ।
६। संगठन तथा व्यवस्थापन अध्ययन ।
७। कानून नर्माण र पुनरावलोकन ।



CamScanner

धन्यबाद ।



CamScanner

# परवानीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, बारा

## विनियोजन ऐन

परवानीपुर गाउँपालिका, बारा को आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८०/०३/१३

**प्रस्तावना :** परवानीपुर गाउँपालिका, बारा २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम परवानीपुर गाउँपालिका, बाराको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "परवानीपुर गाउँपालिका, बाराको विनियोजन ऐन, " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८०/८१को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३९,२४,६४,०००.०० (अक्षेरुपी रुपैयाँ उनान्चालिस करोड चौबिस लाख चौसठ्ठी हजार मात्र।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१को निमित्त परवानीपुर गाउँपालिका, बाराको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

मिति:- २०८०।०३।१८ गते, सोमबार।
समय:- बिहान ११:०० बजे देखि।
स्थान:- गाउँपालिकाको सेमिनार हल।

आज मिति २०८०।०३।१८ गते सोमबारका दिन यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मी ज्यूको अध्यक्षतामा आ.व. २०८०।०८१ को निति तथा कार्यक्रम, बजेट पारित, बिनियोजन ऐन, आर्थिक ऐन पारित र योजना तर्जुमा कार्यक्रम छलफल गर्ने प्रयोजनार्थ १२ औं गाउँसभाको बैठक तपसिलको उपस्थिति रहयो ।

उपस्थिति:-

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मि | गा.पा. अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | गाउँ सभा सदस्य | |
| ४ | श्री दिपक कुमार मण्डल | गाउँ सभा सदस्य | |
| ५ | श्री रामदेव महतो धानुक | गाउँ सभा सदस्य | |
| ६ | श्री कोहरी देवी भरिन | गाउँ सभा सदस्य | |
| ७ | श्री चिन्ता देवी पासवान | गाउँ सभा सदस्य | |
| ८ | श्री महमदनुरुल होदा अंसारी | गाउँ सभा सदस्य | |
| ९ | श्री रामदेव राय भर | गाउँ सभा सदस्य | |
| १० | श्री रामवावु महतो चौहान | गाउँ सभा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| ११ | श्री लक्ष्मीना देवी नुनिया | गाउँ सभा सदस्य | |
| १२ | श्री इन्द्रकलिया देवी चमैन | गाउँ सभा सदस्य | |
| १३ | श्री इब्रहिम मियाँ धोबी | गाउँ सभा सदस्य | |
| १४ | श्री हमिद मिया | गाउँ सभा सदस्य | |
| १५ | श्री जिउत प्रसाद साह | गाउँ सभा सदस्य | |
| १६ | श्री जयपती देवी | गाउँ सभा सदस्य | |
| १७ | श्री उमा देवी चमार | गाउँ सभा सदस्य | |
| १८ | श्री गम्भिरा राउत कुर्मि | गाउँ सभा सदस्य | |
| १९ | श्री राजदेव प्रसाद पटेल | गाउँ सभा सदस्य | |
| २० | श्री जगदीश साह कानु | गाउँ सभा सदस्य | |
| २१ | श्री लालमुनी देवी | गाउँ सभा सदस्य | |
| २२ | श्री सोसिला देवी | गाउँ सभा सदस्य | |
| २३ | श्री रामेश्वर साह कलवार | गाउँ सभा सदस्य | |
| २४ | श्री दारा सिंह पटेल | गाउँ सभा सदस्य | |
| २५ | श्री महेश प्रसाद साह कानु | गाउँ सभा सदस्य | |
| २६ | श्री कलिया देवी | गाउँ सभा सदस्य | |
| २७ | श्री उषा देवी महरा | गाउँ सभा सदस्य | |
| २८ | श्री महन्थ राम हरजन | गाउँ सभा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| २९ | श्री जगदिश राम | गाउँ सभा सदस्य | |
| ३० | श्री मुन्ना साह रौनियार | सदस्य सचिव | |
| ३१ | रवी जैसवाल | सू.प्र.अ | |
| ३२ | अजय कुशवाहा | स्टेशनर | |
| ३३ | लक्ष्मी बडाल | '' | |
| ३४ | शैलेश मण्डल | '' | |
| ३५ | रविन्द्र मिश्र | शिक्षा संयोजक | |
| ३६ | लालबाबु कुमार साह | का.स. | |
| ३७ | अवधेश यादव | का.प्रा.स. | |
| ३८ | उर्मिला कुमारी साह | स्व. स.म. वि.वि. | |
| ३९ | निर्मला कु. चौधरी | उ.वि.से. | |
| ४० | बच्चा यादव | का.स. | |
| ४१ | अशोक राम | का.स. | |
| ४२ | लक्ष्मण कुमार साह | का.स | |
| ४३ | रामबहादुर कुशवाहा | कृषी अधिकृत | |
| ४४ | राम कुमार सोनल | क.अं. | |

| | | | |
|---|---|---|---|
| ४५ | शम्भु देव प्रसाद | जाविविल | |
| ४६ | अरविन्द पोखरेल | [illegible] | |
| ४७ | जितेन्द्र मण्डल | जाविविल | |
| ४८ | उमेश गुप्ता | " | |
| ४९ | रुक्मिनी चौधरी | का.स. | |
| ५० | संजय चौधरी | " | |

मिति:- २०८०।०३।२५ गते, सोमबार।
समय:- बिहान ११:०० बजे देखि।
स्थान:- गाउँपालिकाको सेमिनार हल।

आज मिति २०८०।०३।२५ गते सोमबारका दिन यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मी ज्यूको अध्यक्षतामा आ.व. २०८०।०८१ को बजेट पारित र योजना तर्जुमा समितिको प्रतिवेदन पारित गर्ने र विभिन्न निर्णय गर्ने प्रयोजनार्थ १२ औ गाउँसभाको बैठक तपसिलको उपस्थिति रहयो ।

उपस्थिति:-

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मि | गा.पा. अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | गाउँ सभा सदस्य | |
| ४ | श्री दिपक कुमार मण्डल | गाउँ सभा सदस्य | |
| ५ | श्री रामदेव महतो धानुक | गाउँ सभा सदस्य | |
| ६ | श्री कोहरी देवी भरिन | गाउँ सभा सदस्य | |
| ७ | श्री चिन्ता देवी पासवान | गाउँ सभा सदस्य | |
| ८ | श्री महमदनुरुल होदा अंसारी | गाउँ सभा सदस्य | |
| ९ | श्री रामदेव राय भर | गाउँ सभा सदस्य | |
| १० | श्री रामवावु महतो चौहान | गाउँ सभा सदस्य | |
| ११ | श्री लक्ष्मीना देवी नुनिया | गाउँ सभा सदस्य | |
| १२ | श्री इन्द्रकलिया देवी चमैन | गाउँ सभा सदस्य | |
| १३ | श्री इब्रहिम मियाँ धोबी | गाउँ सभा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १४ | श्री हमिद मिया | गाउँ सभा सदस्य | |
| १५ | श्री जिउत प्रसाद साह | गाउँ सभा सदस्य | |
| १६ | श्री जयपती देवी | गाउँ सभा सदस्य | |
| १७ | श्री उमा देवी चमार | गाउँ सभा सदस्य | |
| १८ | श्री गम्भिरा राउत कुर्मि | गाउँ सभा सदस्य | |
| १९ | श्री राजदेव प्रसाद पटेल | गाउँ सभा सदस्य | |
| २० | श्री जगदीश साह कानु | गाउँ सभा सदस्य | |
| २१ | श्री लालमुनी देवी | गाउँ सभा सदस्य | |
| २२ | श्री सोसिला देवी | गाउँ सभा सदस्य | |
| २३ | श्री रामेश्वर साह कलवार | गाउँ सभा सदस्य | |
| २४ | श्री दारा सिंह पटेल | गाउँ सभा सदस्य | |
| २५ | श्री महेश प्रसाद साह कानु | गाउँ सभा सदस्य | |
| २६ | श्री कलिया देवी | गाउँ सभा सदस्य | |
| २७ | श्री उषा देवी महरा | गाउँ सभा सदस्य | |
| २८ | श्री महन्थ राम हरजन | गाउँ सभा सदस्य | |
| २९ | श्री जगदिश राम | गाउँ सभा सदस्य | |
| ३० | श्री मुन्ना साह रौनियार | सदस्य सचिव | |
| ३१ | रवी जैसवाल | सूचना प्रविधि अधिकृत | |
| ३२ | लक्ष्मी कुमारी साह | का. स. | |
| ३३ | उर्मिला कुमारी साह | | |

| | | | |
|---|---|---|---|
| ३४ | रविन्द्र कुमार मिश्र | शिक्षा संयोजक | |
| ३५ | अपेक्षा गजल | [illegible] | |
| ३६ | सन्ध्या यादव | ना.प्रा.स. | |
| ३७ | लक्ष्मी बराल | [illegible] | |
| ३८ | अजय कुशवाहा | '' | |
| ३९ | निर्मला चौधरी | उ.वि.सं. | |
| ४० | लहबर कुमार साह | का.सं. | |
| ४१ | जोख्या थापा | का.सं. | |
| ४२ | अशोक राम | का.सं. | |
| ४३ | राम बहादुर कुशवाहा | कृषि अधिकृत | |
| ४४ | राम कुमार सोनार | का.अ. | |
| ४५ | राम प्रवेश साह | प्राविधिक | |
| ४६ | प्रदिप पासवान | संचार संयोजक | |
| ४७ | जितेन्द्र मण्डल | प्राविधिक | |
| ४८ | उमेश गुप्ता | '' | |
| ४९ | सरोज कुमारी | का.स. | |
| ५० | रुक्मिनी चौधरी | का.स. | |

मिति:- २०८०।०३।२९ गते, शुक्रबार।
समय:- बिहान ७:०० बजे देखि।
स्थान:- गाउँपालिकाको सेमिनार हल।

आज मिति २०८०।०३।२९ गते, शुक्रबारका दिन यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराका अध्यक्ष श्री रामक्षत्री प्रसाद कुर्मी ज्यूको अध्यक्षतामा आ.व. २०८०।०८१ को योजना तर्जुमा समितिको प्रतिवेदन पारित गर्ने र विभिन्न निर्णय गर्ने प्रयोजनार्थ १२ औ गाउँसभाको वैठक तपसिलको उपस्थिति रहयो ।

उपस्थिति:-

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रामक्षत्री प्रसाद कुर्मि | गा.पा. अध्यक्ष | |
| २ | श्री सुगान्धी देवी कनुइन | गा.पा. उपाध्यक्ष | |
| ३ | श्री चोकट महतो धानुक | गाउँ सभा सदस्य | |
| ४ | श्री दिपक कुमार मण्डल | गाउँ सभा सदस्य | |
| ५ | श्री रामदेव महतो धानुक | गाउँ सभा सदस्य | |
| ६ | श्री कोहरी देवी भरिन | गाउँ सभा सदस्य | |
| ७ | श्री चिन्ता देवी पासवान | गाउँ सभा सदस्य | |
| ८ | श्री महमदनुरुल होदा अंसारी | गाउँ सभा सदस्य | |
| ९ | श्री रामदेव राय भर | गाउँ सभा सदस्य | |
| १० | श्री रामवाबु महतो चौहान | गाउँ सभा सदस्य | |
| ११ | श्री लक्ष्मीना देवी नुनिया | गाउँ सभा सदस्य | |
| १२ | श्री इन्द्रकलिया देवी चमैन | गाउँ सभा सदस्य | |
| १३ | श्री इव्रहिम मियाँ धोवी | गाउँ सभा सदस्य | |
| १४ | श्री हमिद मिया | गाउँ सभा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५ | श्री जिउत प्रसाद साह | गाउँ सभा सदस्य | |
| १६ | श्री जयपती देवी | गाउँ सभा सदस्य | जटायती |
| १७ | श्री उमा देवी चमार | गाउँ सभा सदस्य | |
| १८ | श्री गम्भिरा राउत कुर्मि | गाउँ सभा सदस्य | |
| १९ | श्री राजदेव प्रसाद पटेल | गाउँ सभा सदस्य | राजदेव |
| २० | श्री जगदीश साह कानु | गाउँ सभा सदस्य | |
| २१ | श्री लालमुनी देवी | गाउँ सभा सदस्य | लालमुनी |
| २२ | श्री सोसिला देवी | गाउँ सभा सदस्य | सोसिला |
| २३ | श्री रामेश्वर साह कलवार | गाउँ सभा सदस्य | |
| २४ | श्री दारा सिंह पटेल | गाउँ सभा सदस्य | |
| २५ | श्री महेश प्रसाद साह कानु | गाउँ सभा सदस्य | |
| २६ | श्री कलिया देवी | गाउँ सभा सदस्य | कविता |
| २७ | श्री उषा देवी महरा | गाउँ सभा सदस्य | उषा |
| २८ | श्री महन्थ राम हरजन | गाउँ सभा सदस्य | |
| २९ | श्री जगदिश राम | गाउँ सभा सदस्य | |
| ३० | श्री मुन्ना साह रौनियार | सदस्य सचिव | |
| ३१ | श्री· कृपेश मण्डल | योजना शाखा प्रमुख | |
| ३२ | श्री· अजय कुश्वाहा | त्रिल्ली शाखा | |
| ३३ | श्री. सादेश यादव | योजना शाखा | |
| ३४ | श्रीरत्नी जैसवाल | सू· प्र· अ | |

| | | | |
|---|---|---|---|
| ३४ | लक्ष्मी कुमार साह | का.स. | [signature] |
| ३५ | बिन्द्या यादव | ,, | [signature] |
| ३६ | अशोक राम | ,, | [signature] |
| ३७ | राजाकिशोर सिंह श्रेष्ठ | सवारी चालक | राजकिशोर |
| ३८ | राजेश कुमार दास | ,, | राजेश |
| ३९ | सरोज कुमारी | का.स. | सरोज |
| ४० | रमिला कुमारी साह | प्र.म.वि.नि. | [signature] |
| ४१ | रविन्द्र कुमार गिरी | शिक्षा संयोजक | रवि |
| ४२ | रुपेश मण्डल | खरिदार | [signature] |
| ४३ | सन्ध्या यादव | ना.प्रा.स. | सन्ध्या |
| ४४ | निर्मला कु. चौधरी | उ.वि.स. | [signature] |
| ४५ | लक्ष्मी बडाल | खरिदार | [signature] |
| ४६ | अजय कुशवाहा | ,, | [signature] |
| ४७ | रामबहादुर कुशवाहा | इन्जि अधिकृत | [signature] |
| ४८ | राम कुमार शीतल | अ.अ. | [signature] |
| ४९ | राम प्रवेश साह | ई.वि.वि. | [signature] |
| ५० | संदिप पासवान | राजस्व अधिकृत | [signature] |

# सम्मानित परवनीपुर गाउँपालिका को आ.व. २०८०/०८१ को गाउँसभाको निर्णयहरु

**निर्णय नं. १ :**

परवानीपुर गाउपालिकाको आर्थिक वर्ष २०८० ०८१ को स्थानीय योजना तर्जुमा समिति को अन्तिम प्रतिबेदन गाउकार्यपालिकाको बैठक अनुमोदन भएको योजना तथा कार्यक्कलाई यस गाउँसभाबाट स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

आ.व. २०७९।०८० को योजना तथा कार्यक्रम संचालन तथा कार्वयन्यन सम्वन्धमा कायदिश तथा रनिङ्ग विल भुत्तानी भएको सबै योजना तथा कार्यक्रमलाई यस आ.व. २०८०।०८१ मा दायित्व सिर्जना गरि भदौ मसान्तसम्म म्याद थप गरि सोको अन्तिम कार्य सम्पन्न गर्ने तथा यस आ.ब. मा कायदिश तथा कुनै किसिमको विवादको कारण काम सुरु नै नभएको सबै योजनालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस गाउंपालिकमा गत आ.व. २०७९/२०८० को आशिंक रुपमा भुकानी गर्न बांकी रहेका रकम यस आ.ब.२०८०/०८१ मा प्रचलित नियमानुसार भुकानी गर्ने निर्णय /अनुमोदन गरियो । र उपभोता समिति ठेकेदार तथा अन्य सम्वन्धितको प्राप्त निवेदन प्राविधिक को आंशिक मुलयाकन तथा अन्तिम मुलयाकनको अधारमा आ ब २०७९।८१ मा कार्य सम्पन्न पुर्णरुपमा सम्पन्न हुन्न नसकेका योजनाको दायित्व सिर्जना गरियो साथै सो योजनाहरुको आवश्यकाता पहिचान गरि आ व २०८०।०८१ मा अधिकतम २ महिना २०८०।०५।३० सम्म म्याद थप गरि कार्य सम्पन्न गराइ सोको भुतानि दिने र आ व २०७८।७९ बाट दायित्व सृजना भएका योजनाको हकमा १ महिना भित्र कार्य सम्पन्न गरी फरफारक गर्ने र समयमा कार्य सम्पन्न नगरेमा समझौता खारेज गरि कानुनी कार्यवाहि नियमानुसार गर्ने समेत निर्णय गरियो । साथै आ ब २०७९।०८० मा विभिन्न कारणबस सञ्चालन हुन नसकेका केही योजनाहरुलाइ निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.४:**

आ.व. २०७८।०७९ को माहालेखा परिक्षकको प्रतिवेदन माथि व्यापक छलफल गर्दा राजनितिक तथा सामाजिक कारणले विभिन्न योजना हरु अधुरो तथा समयमा काम नभएको कारण मलेप प्रतिवेदनमा बेरुजु तथा अन्य जरिबानाको रकमलाई मिनाहा गरिने तथा अन्य सामाजिक विकाशका योजनामा दररेट को कारण बेरुजु रहेको रकम आउदो बर्षदेखि नियमानुसार गर्ने तथा यस

प्रतिवेदको बेरुजु सबै रकमलाई आउदो माहालेखा परिक्षकमा फछ्र्यौट गराउने निर्णय गरियो ।साथै शारदा निर्माण सेवाको बेरुजुलाइ फछ्र्यौट गराउने निर्णय गरियो।

**निर्णय नं. ५:**

यस परवानीपुर गाउँपालिका वडा नं ३ मा रहेको ईसलामिया मदार्सा मा उर्दु शिक्षकको रुपमा श्री शेख मनान मियाँलाई नियुक्त गरि पठन पाठन गराउने तथा सोको तलव भत्ता कार्यालयपालिकाको निर्णय बमोजिम दिने ।साथै सबै विधालयमा आवश्यकाताको अधारमा कार्यालय सहयोगी तथा सरसफाई कर्मचारी नियूक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

आ.ब. २०८०।०८१ मा आवश्यक रहेका तथा दरबन्दि तेरिज र कार्यपालिकाको निर्णय अनुसार करार सेवामा तथा सेवा करारमा प्राविधिक तथा अप्राविधिक पाचौं चौथो कार्यालय सहयोगि स्विपर चालक सयस स्वास्थय कर्मी लगायतका अन्य पदका समेत कर्मचारि भर्ना गर्ने निर्णय गरियो । नवपर्बधनको लागी छुटै शाखा स्थापना गरिको सोको लागी दुइ जना पाचौ र चौथो स्तरको कर्मचारी भर्ना गर्ने निर्णय गरियो ।साथै यस आ.ब. २०७९।८० मा यस पालिका वा सो अन्तर्गत करार तथा डोर हाजिरमा कार्यरत कर्मचारीलाइ प्राथमिकतामा राखि भर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

यस गाउँपालिकाको गाउँ सभालाई सफल बनाई दिनु भएकोमा सम्पूर्ण निर्वाचित पदाधिकारी लगायत कर्मचारी साथीलाई धन्यवाद दिने निर्णय गरयो ।

- आ.ब. २०८०।०८१ को योजना तथा कार्यक्रम संचालन हुने सन्दर्भमा सबै योजनाको कार्यदेश भएपछि सम्बन्धित वडा कार्यालयको रोहबरमा मात्र संचालन गर्ने तथा कामको गुणस्तरियताको सबै जिम्मा वडा समितिलाई बनाइ कामको सबै मुलयाङ्कन अनुगमन तथा समापन्नको जिम्मेवारी हुने गरि वडाको सिफारिष अनुसार भुत्तानी गर्ने निर्णय गरियो ।समय सिमा भित्र वडाको सिफारिष तथा निर्णय नआएमा गाउँपालिका स्तरिय वा जिल्ला स्तरिय अनुगमन तथा मुलयाङ्कन गराइ भुत्तानी दिने निर्णय गरियो ।साथै योजना कार्यन्वय समयमा योजना संचालन गर्दा गुणस्तरियतामा कमि भए सोहि समय काम रोकि गुणस्तरिय काम गराउने वडाको जिम्मेवारि हुने ।योजना संचालन गर्दा अपुग रकम पालिकाको विकाश कोषबाट ब्योहोर्ने निर्णय गरियो ।

- गाउँको शाखा बाटो ढलान गर्दा सोको लागी आवश्यकता पहिचान गरि फलामे छड ८ देखि १० इन्च सम्म वा आवश्यकता नभए फलामे छड नराखि बाटो ढलान गर्ने निर्णय गरियो ।

# सम्मानित परवनीपुर गाउँपालिका को आ.व. २०८०/०८१ को गाउँसभाको निर्णयहरु

**निर्णय नं. १ :**

परवानीपुर गाँउपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि विभिन्न मितिमा भएको वस्ती स्तरीय भेला, वडा समिति बैठक तथा विषयगत समिति बैठक तथा स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, र बजेट तथा कार्यक्रम तर्जुमा समितिका प्रतिवेदन र कार्यक्रम तथा योजना तर्जुमा समिति हुँदै गाँउकार्यपालिकाको बैठक बाट सिफारीस भएको र प्राप्त सुझावहरु समेत समेटिएको निम्नानुसारको नीति, कार्यक्रम, राजश्वका दर-दायरा तथा बजेट सभा वाट स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २:**

आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न र आ.व. २०८०/०८१ को गाउँकार्यपालिका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त चालु खर्च, पुजींगत खर्च र वितिय व्यवस्थाको रकम संचित कोषवाट खर्च गर्न बनेको विनियोजन विधेयक २०८० र आर्थिक विधेयक २०८० लाई स्वीकृतीका लागि गाँउ सभावाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस गाँउपालिकामा आ.ब. २०८०/०८१ को लागि प्राप्त ससर्त तर्फको तथा विषयगत कार्यालय तर्फको अनुदान सो बमोजिमनै र वितीय समानिकरण तर्फको रकम यस गाँउ सभाको निर्णय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:**

नेपालमा लागु भएका ऐन कानुन र मन्त्रालय वाट प्राप्त नमुना कानुनका आधारमा बनाइएको कार्यविधि,परवानीपुर गाँउ कार्यपालिकाको निर्णय वा आदेश अधिकार पत्रको प्रमाणीकरण स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

धार्मिक पर्यटकीय क्षेत्रको रुपमा यस गाँउपालिकालाई स्थापित गर्न र अन्य आर्थिक विकासमा टेवा पुग्ने सम्भाव्य क्षेत्रको अध्ययन,अवलोकन, पहिचान, गर्न सम्बन्धित क्षेत्रको विज्ञसंग परामर्श गरि सो क्षेत्रलाई प्राथमिकतामा राखि विकाश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

सवै वडा समितिको निर्णयवाट मांग भई आएका यसै गाँउ सभाले अनुसूचीमा समावेश गरेका तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र कार्यक्रमलाई गाँउपालिकाको उपलब्ध स्रोत भएमा वा

अन्य विकासका साझेदार निकायहरुसँगको साझेदारी भएमा संचालन गरी क्रमशः वडावासीका मागलाई सम्बोधन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

परवानीपुर गाँउपालिकाको आ.व. २०८०/०८१ मा क्षेत्रमा सांस्कृतिक, धार्मिक, खेलकुद लगायत विभिन्न किसिमको कार्यक्रम सहयोग माँग भएमा सम्भव भए सम्म नगद नदिई सम्बन्धित कार्यक्रमको लागि आवश्यक पर्ने सामाग्री उपलब्ध गराईने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस आ.ब. २०८०/०८१ को बजेटमा उल्लेख भएको रकम बाहेक यस गाउँपालिकाको खातामा प्राप्त हुने कुनै श्रोतबाट नै खातामा रकम प्राप्त भएमा सोही बमोजिम खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:**

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाँउपालिकाले आबश्यकताको आधारमा राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा भगिनी सम्बन्ध कायम गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १०:**

यस गाउँपालिकामा आ.व. २०८०/०८१ का लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेटको खर्च स्वीकृती तथा अनुमोदन गर्दै यस गाँउ सभाबाट स्वीकृत बजेटको कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

यस गाउँपालिका क्षेत्रमा कार्यारत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था लगायतका संघ, संस्थाहरुले यस गाँउपालिका क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु गाउँपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरीयो ।

**निर्णय नं. १२ :**

आ.व. २०७९।०८० को विभिन्न मितिमा भएको यस गाँपालिकाको गाँउकार्यपालिका (बोर्ड) को सबै निर्णयहरु यस गाँउ सभाबाट स्वीकृत गरियो ।

**निर्णय नं. १३**

परवानीपुर गाँउपालिकाको आ.ब. २०८०/०८१ को स्वीकृत कार्यक्रम तथा बजेट बमोजिम विकास निर्माण आयोजनाहरुमा विनियोजित सम्पूर्ण भौतिक पुर्वाधार विकास बजेटको सम्बन्धित ३ प्रतिशत हुन आउने कन्टिजेन्सी वापत रकम कट्टा गर्ने निर्णय गरियो । सो भौतिक पुर्वाधार विकास बजेटको सम्बन्धित ३ प्रतिशत हुन आउने कन्टिजेन्सी वापत रकम बाट गाउँ बाहिरको सडक वरिपरि वृक्षा रोपण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

परवानीपुर गाँउपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता कर, पेश्की, वेरुजु, ऋण तथा अन्य बाँकी बक्यौता रकम बुझाउँदै नबुझाउने एवं फरफारक गर्न कुनै प्रक्रिया चालेका व्यक्ति तथा संस्थाहरुलाई गा.पा.बाट प्रवाह गरिने सेवा रोक्का गर्न र सोको लागत तयार गरी सार्वजनिक गरी असुल उपर गर्ने प्रकृया अवलम्बन गर्ने साथै पुरानो वेरुजु फरफारक गरि सुन्य वेरुजु बनाउन कार्यपालिकाबाट समिति बनाई कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस परवानीपुर गाँउकार्यपालिकाले पेश गरे अनुसारको न्यायिक समिति गठन गर्ने तथा न्यायिक समिति, विभिन्न मुद्दा, पैरवी अन्य कानूनी परामर्श लिनका लागि कानूनी परामर्शदाता, अमिन सल्लाहकार प्रचलित नियमानुसार परामर्श सेवा तथा करार सेवामा लिने निर्णय गरियो ।

**निर्णय नं. १६**

परवानीपुर गाउँपालिका र नेपाल सरकारले निर्धारण गरेको सडक मापदण्ड वमोजिमको सडक क्षेत्र भित्र अव्यवस्थित रुपमा निर्माण भएका भौतिक संरचना तथा गैर कानूनी रुपमा निर्माण भएका जुनसुकै संरचना हटाई सडक विस्तार तथा अन्य विकास निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस परवानीपुर गाउँपालिका मा कार्यरत रहेका स्थायी, अस्थायी तथा करार कर्मचारी लाई संघीय सरकारले यस आ.व. २०८०/०८१ मा तोकिएको तलव स्केल र महँगी भता, पोषाक भत्ता, चाडपर्व भत्ता नियमानुसार दिने निर्णय गरियो । साथै समान तहका सबै कर्मचारीलाई समान तलव कार्यालय सहयोगी प्रथम तह अनुसारको दिने निर्णय गरियो ।

**निर्णय नं.१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उप दफा २ को (छ) र (ट) वमोजिम यस गाँउपालिका क्षेत्र भित्रको नेपाल सरकारको सार्वजनिक ऐलानी ,पर्ती जग्गा सार्वजनिक भवन ,मठ मन्दिर ,सांस्कृतिक संम्पदा तथा भौतीक पुर्वाधारको संरक्षणको लागि अनाधिकृत रुपमा सार्वजनिक सम्पति अतिक्रमण तथा प्रचतिल कानून विपरित निर्माण गरेका सबै खालका व्यक्ति तथा संघ संस्थालाई कार्यवाहीको दायरमा ल्याई त्यस्तो सम्पती गाउँपालिकाको अधिकार क्षेत्रमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस परवानीपुर गाँउकार्यपालिकाको केन्द्रमा र वडा कार्यालयमा कार्यरत सबै कर्मचारीहरुको हकमा प्रोत्साहन तथा स्थानीय भता स्थानिय जनप्रतिनिधीहरु तथा कर्मचारीहरुले पाउने सुविधा सम्वन्धी कार्यविधि २०७९ बमोजिम दिने निर्णय गरियो ।

**निर्णय न २०**

यस गाउंपालिको आ.व. २०७९/२०८० मा भएका सम्पुर्ण टिप्पनी आदेशहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न २१**

नयाँ घरको निर्माण गर्दै नापनक्सामा मुल सडकमा सडक बाहेक ३ फिट नीजि जग्गाबाट छोडी निर्माण गर्ने र आवश्यक परे खाली नीजि जग्गाबाट ३ फिटसम्म सार्वजनिक हकमा लिने निर्णय गरियो ।

**निर्णय न २२**

यस परवानीपुर गाँउ कार्यपालिकाको कार्यालय र अन्तर्गत वडा कार्यालय र स्वास्थ्य कार्यालयमा कार्यरत करार कर्मचारीको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८ कार्तिक १४ गते स्वीकृत गरेको **करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मुल्याङ्कन तथा नया अवधिको लागि करार समझौता सम्वन्धी मापदण्ड २०७८** अनुसार विगत समय देखी करार सेवामा कार्यरत सबै कर्मचारीहरुलाई यस आ.व. २०८०/०८१ मा निरन्तरता दिने तथा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न २३**

यस पालिका भित्रको भौतिक संरचना निमार्ण गर्न पुर्व जग्गाको नापजाँच गरि सार्वजनिक जग्गा यकिन गरि भौतिक संरचना निमार्ण गर्ने । तथा पालिका अर्न्तगत संचालन गरिने तालिम, गोष्ठी, सेमिनार,कार्यक्रम सरोकार राखने शाखा मार्फत मात्र सचांलन गर्न/गराउन निर्णय गरियो ।

**निर्णय न २४**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५(स्थानीय राजश्व परामर्श समिति), ६६(श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, र ६७ (वजेट तथा कार्यक्रम तर्जुमा समितिको प्राप्त प्रतिवेदन को आधारमा खर्च गर्ने गरी निर्णय गरियो ।

**निर्णय न २५**

यस गाउँपालिका भित्रका पुरानो नहर, पोइन, कैनलको संरचना र सार्वजनिक जग्गा वदनियत पूर्वक अतिक्रमण गरी सार्वजनिक सम्पादन माथि खेलवाड गरेकोलाई २०२१ सालको नापनक्सा अनुसार यस गाउँपालिकाको सार्वजनिक हकको लागि कार्यवाही चलाई सो संरचना कायम गर्ने निर्णय गरियो ।

CamScanner

वडा नं १ को श्री राम जानकी मन्दिरको पुजारिको स्वर्गबास भएकोले निजको कामकाजको लागी रु १ लाख सहयोग गर्ने निर्णय गरियो ।

CamScanner